अनुसूचि १

गोकर्णेश्वर नगरपालिका

आ.व.२०७८/०७९ को

कुल आयको संक्षेपिकरण

| क्र.सं. | शीर्षक | आ.व.०७८/७९ को लागि प्रस्तावित रकम रु. हजारमा |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आम्दानी | ६००००० |
| २ | संघीय सरकार वित्तीय समानीकरण अनुदान | २६८३०० |
| ३ | संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | २५१००० |
| ४ | संघीय सरकारबाट राजस्व बाँडफाँडबाट मुल्य अ.कर | ५८६७४ |
| ५ | संघीय सरकारबाट राजस्व बाँडफाँडबाट अन्त शुल्क | ५८६७४ |
| ६ | प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान | २४०९२ |
| ७ | प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान | २५६४९ |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान | ३०००० |
| ९ | प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर बाडफाँड | ४३७२५ |
| १० | अन्तर स्थानीय तहबाट प्राप्त हुने नगर-नगर साझेदारी कार्यक्रम (समपुरक | २०००० |
| ११ | गत आ.ब.का नगद मौज्जाद अल्या | ५००००० |
| १२ | कर्मचारी कल्याण कोष अल्या समेत | ७००० |
| १३ | मर्मत संभार कोष अल्या | १७२०० |
| **संघिय अख्तियारी LMBIS वाहेकको जम्मा (क)** | | **१९०४३१४** |
| **संघीय अख्तियारी LMBIS बमोजिम** | | |
| १३ | बाल विकास कार्यक्रम | ३००० |
| १४ | सामाजिक सुरक्षा तथा सामाजिक सुरक्षा अन्तर्गत प्राप्त हुने अनुदान | १००००० |
| १५ | गरिवसंग बिश्वेश्वर कार्यक्रम | ६०० |
| १६ | प्रदेशपुर्वाधार क्षेत्र विकास कार्यक्रम | १७००० |
| १७ | समाज कल्याण कार्यक्रम (अपाङ्ग संघसंस्थाहरुको लागि) शसर्त अनुदान | ८५०० |
| १८ | अबकास कर्मचारीहरुको औषधी उपचार शसर्त निकासा संघ | ३००० |
| १९ | अबकास कर्मचारीहरुको संचित बिदा शसर्त निकासा संघ | ४००० |
| **संघीय अख्तियारी LMBIS बमोजिम जम्मा (ख)** | | **१३६१००** |
| | **कुल जम्मा (क+ख)** | **२०४०४१४** |

राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि १

# गोकर्णेश्वर नगरपालिका
## आ.व.२०७८/०७९ को
## कुल व्ययको संक्षेपिकरण

| क.सं. | शीर्षक | आ.व.०७८/७९ का लागि प्रस्तावित रकम रु.हजारमा |
|---|---|---|
| १ | प्रशासनिकखर्च (चालु र पुजीगत) | २००९०० |
| २ | COVID-19 | ५५५०० |
| ३ | गोकर्णेश्वरनगरपालिकाको गौरवका योजना | १००००० |
| ४ | नगरस्तरीययोजना तथा कार्यक्रम | १९९१७१ |
| ५ | विषयगत शाखाका कार्यक्रम | २२७८९४ |
| ६ | वडास्तरीययोजना | २७०००० |
| ७ | संघीयसरकारबाट प्राप्त हुने सशर्त अनुदान | २५१००० |
| ८ | प्रदेश सरकारबाटप्राप्त हुने शसर्त अनुदान | २५६४९ |
| ९ | प्रदेश सरकारबाटप्राप्त हुने समपुरक अनुदान | ३०००० |
| १० | अन्तर स्थानीय तहबाटप्राप्त हुने नगर-नगर साझेदारी कार्यक्रम (समपुरक अनुदान का.म.न.पा.) | २०००० |
| ११ | मर्मत संभार कोष | १७२०० |
| १२ | भुक्तानी दायित्व | ५००००० |
| १३ | **कर्मचारी कल्याण कोष** | ७००० |
| | **संघिय अख्तियारी LMBIS वाहेकको जम्मा (क)** | **१९०४३१४** |
| | **संघिय/प्रदेश अख्तियारी LMBIS वमोजिमका कार्यक्रम** | |
| १४ | बाल विकास कार्यक्रम | ३००० |
| १५ | सामाजिकसुरक्षा तथा सामाजिक सुरक्षाअन्तर्गत प्राप्त हुने अनुदान | १००००० |
| १६ | गरिवसंग बिश्वेश्वरकार्यक्रम | ६०० |
| १७ | प्रदेशपुर्वाधार क्षेत्र विकास कार्यक्रम | १७००० |
| १८ | समाज कल्याण कार्यक्रम (अपाङ्ग संघसंस्थाहरुको लागि) शसर्त अनुदान | ८५०० |
| १९ | अबकास कर्मचारीहरुको औषधी उपचार शसर्त निकासा संघ | ३००० |
| २० | अबकास कर्मचारीहरुको संचित बिदा शसर्त निकासा संघ | ४००० |
| | **संघिय अख्तियारी LMBIS कार्यक्रमको जम्मा (ख)** | १३६१०० |
| | **कुल जम्मा (क+ख)** | २०४०४१४ |

प्रसाद आचार्य
लेखा अधिकृत

## गोकर्णेश्वर नगरपालिकाको

# विनियोजन विधेयक, २०७८

प्रस्तावना:

गोकर्णेश्वर नरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बान्छनीय भएकोले, नेपालको संबिधानको भाग १९ धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाको सातौं नगर सभाले यो विनियोजन ऐन, २०७८ बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "गोकर्णेश्वर नगरपालिकाको बिनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो (ऐन) आर्थिक बर्ष २०७८।०७९ को श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. आर्थिक बर्ष २०७८।०७९ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार:

(१) आर्थिक बर्ष २०७८।०७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरु संचालनका लागि अनुसूचीहरुमा उल्लेखित चालु खर्च करीब रु ७०००००००। (सत्तरी करोड), पूँजीगत खर्च करीब रु १३४०४१४००० (एक अरव चौत्तिस करोड चार लाख चौध हजार) र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. २०४०४१४०००।- (अक्षरुपी दुई अर्ब चार करोड चार लाख चौध हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट रकम खर्च गर्न सकिने छ ।

३. विनियोजन:

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७८।०७९ को निमित्त गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिने छ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुजिगत र बित्तिय ब्यवस्था तर्फ बनियोजन रकम साँवा भुक्तानी खर्च र ब्याज भुत्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तिय ब्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्ने छ तर चालु तथा पुजिगत खर्च र बित्तिय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि मागमा आधारित तथा नगरस्तरिय पुवर्वधार बिकासका बिशेष कार्यक्रमका लागि एकमुष्ट बिनियोजन गरिएको रकमलाई कार्यबिधि बनाई कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

(५) फुटकर तथा आकस्मिक योजना संचालन गर्न कार्यपालिका बैठकले आवश्यक ब्यवस्था गर्न सक्ने छ ।

राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत